का.जि.प्र.का.द.नं. १००/०५९/६०

३२ असार २०७९,
शनिबार
16 July 2022,
Saturday

मूल्य रु. ५/-

# मध्यान्ह

राष्ट्रिय दैनिक

ईपेपर हेर्नु

वर्ष २०, अंक १६१ । पृष्ठ ८ | Madhyanha National Daily | www.madhyanhadaily.com



# लगातार नाफामा कांग्रेस

सार्वजनिक लेखा समितिको सभापति बाहेक संसदभित्रका पदहरुमा कांग्रेसको उपस्थिति शुन्य थियो । तर, नेकपा विभाजन भएपछि एकपछि अर्को गर्दै कांग्रेसले संवैधानिक पदहरुमा उपस्थित जनाउन थालेको छ ।

**मुकुन्द लामिछाने/मध्यान्ह**
काठमाडौं, ३१ असार ।

नेपाली कांग्रेसका सांसद पुष्पा भुसाल प्रतिनिधिसभाको उपसभामुख पदमा निवाचित भएकी छन् । यो तत्कालिन नेपाल कम्युनिस्ट पार्टी (नेकपा विभाजनको साइड इफेक्ट हो । २०७४ सालको चुनावमा वाम मोर्चा बनाएर गएका नेकपा एमाले र माओवादी केन्द्रले झण्डै दुई तिहाइ मत ल्याएका थिए ।

वाम मोर्चा बनाए पनि पार्टी एकता नगरी संसदको सभामुख, उपसभामुख, संदीय विषयगत समितिमा दुई दलले कब्जा जमाएका थिए । प्रमुख प्रतिपक्षीलाई दिने बाध्यात्मक अभ्यासका कारण सार्वजनिक लेखा समितिको सभापति पद मात्रै कांग्रेसले पाएको थियो । यो बाहेक संसद भित्रका पदहरुमा कांग्रेसको उपस्थिति शुन्य थियो । तर, नेकपा विभाजन भएपछि एक पछि अर्को गर्दै कांग्रेसले संवैधानिक पदहरुमा उपस्थित जनाउन थालेको छ ।

२०७४ को चुनाव लगत्तै २ चैत २०७४ मा उपसभामुखको निर्वाचन हुँदा तत्कालिन वाम गठबन्धनका तर्फबाट उम्मेदवार रहेकी शिवमाया तुम्बाहाम्फे विजयी भएकी थिइन् । त्यसबेला तुम्बाहाम्फे २०१ मत प्राप्त गरी विजयी हुँदा पुष्पा भुसालले ५८ मत पाएकी थिइन् । तर, शुक्रबारसम्म आइपुग्दा नेपालको राजनीतिक दलहरुको अवस्था, दलीय समिकरण र सरकार फेरियो । भुसाल उपसभामुमा १४८ मत ल्याएर विजयी हुँदा एमालेका तर्फबाट उपसभामुखको उम्मेदवार रहेकी – बाँकी पृष्ठ २ मा

# प्रचण्डको भारत भ्रमणका तीन सन्देश

**कान्ति न्यौपाने/मध्यान्ह**
काठमाडौं, ३१ असार ।

तीन दिने भ्रमणमा लागि भारत गएका नेकपा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल मुख्यतया ३ वटा विषयको छलफलमा केन्द्रित हुने देखिएको छ । उनले संघीयता, हिन्दुराष्ट्र, चिनियाँ विदेश विभाग प्रमुखसँगको भेट र सत्तागठबन्धनको भविष्यबारे छलफल गर्ने देखिएको हो ।

'प्रचण्डको भ्रमणले विभिन्न ३ वटा सन्देश दिएको छ,' राजनीतिक विश्लेषक डा. विष्णु दाहाल बताउँछन् । भन्छन्, 'प्रचण्डलाई भारतले हिन्दुराष्ट्रबारेको धारणा, चिनियाँ विदेश विभाग प्रमुखसँगको भेटघाट र गठबन्धनको विषयमा जानकारी लिने सम्भावना देखिएको छ ।'

उनले गठबन्धनको भविष्यका विषयमा चर्चा हुने पनि बताएका छन् । तर, अध्यक्ष प्रचण्डले भने भारत जानुअघि आफ्नो भ्रमण आकस्मिक नभएको र चाईनाका प्रतिनिधिसँग भएका वार्ताबारे छलफल नहुने प्रष्ट पारेका छन् । 'विनयमोहन क्वात्रा काठमाडौंमा राजदूत हुँदा नै भारत भ्रमणको कुरा भएको थियो । पछि उहाँ भारतीय विदेश सचिव भएपछि पनि सम्पर्क गर्नुभयो । मैले पार्टीको कार्यक्रम हेरेर जुलाई दोस्रो वा तेस्रो साता भ्रमणमा आउन सक्छु भनेको थिएँ,' प्रचण्डले भने, 'यो भ्रमण आकस्मिक होइन ।' साथै उनले दुई देशको सम्बन्ध सुधारका लागि भ्रमण गरेको पनि बताएका छन् । – बाँकी पृष्ठ २ मा



सत्ता साझेदार दल नेकपा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल प्रचण्ड भारत भ्रमणमा निस्किएका छन् । भारतका सत्तारुढ दल बीजेपीको निमन्त्रणामा भएको यो भ्रमणलाई चासोका साथ हेरिएको छ ।

# प्रधानमन्त्रीले मागे गभर्नरको राजीनामा

**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, ३१ असार ।

प्रधानमन्त्री शेरबहादुर देउवाले गभर्नर महाप्रसाद अधिकारीको राजीनामा मागेका छन् । सत्तारुढ गठबन्धनका शीर्ष नेताहरुको शुक्रबार बसेको बैठकमा प्रधानमन्त्री देउवाले गभर्नर अधिकारीले राजीनामा दिनुपर्ने बताए ।

नेकपा एमालेले एम अधिकारी, खोटाङको नाममा अर्थ तथा योजना विभागको सदस्यमा राखेपछि गभर्नर अधिकारी विवादमा परेका छन् । यस विषयमा गठबन्धनमा रहेका अन्य नेताहरुले कुरा उठाएका थिए । त्यसक्रममा प्रधानमन्त्री देउवाले अधिकारीले राजीनामा दिनुपर्ने बताएका हुन् ।

बैठकमा सहभागी एक नेता भन्छन्, 'नेताहरुले कुरा उठाउनु भएको थियो । प्रधानमन्त्रीले नैतिक रुपमा पनि राजीनामा दिनुपर्छ । राजीनामा दिनु बाहेक के विकल्प हुन्छ र ? भन्नु भएको छ ।' गभर्नर अधिकारी भने आफू एमालेको केन्द्रीय विभागमा नरहेको भने एमालेलाई नै पत्र लेखेका छन् । केही गरी आफ्नो नाम परेको भए हटाउन उनको आग्रह छ । यही बेला प्रधानमन्त्री देउवाले भने गभर्नर अधिकारीको राजिनामा मागेका हुन् ।



गभर्नर महाप्रसाद अधिकारीले नैतिक रुपमा पनि राजीनामा दिनुपर्छ । राजीनामा दिनु बाहेक के विकल्प हुन्छ र ?

**शेरबहादुर देउवा**
प्रधानमन्त्री

# सरकारले फुकायो संख्या सयको बाधा अड्काउ

**मध्यान्ह संवाददाता**
काठमाडौं, ३१ असार

मन्त्रिपरिषदले म्यानपावर कम्पनी नवीकरण गर्न वार्षिक एक सय जना कामदार अनिवार्य पठाउनु पर्ने वैदेशिक रोजगार ऐनमा रहेको प्रावधानले दिएको जटिलताको निकास दिएको छ ।

शुक्रबार बसेको मन्त्रिपरिषद् बैठकले वैदेशिक रोजगार ऐन २०६४ को दफा ८२ प्रयोग गरी व्यवसायीहरुको इजाजतपत्र नवीकरण हुने गरी आदेश जारी गर्ने निर्णय गरेको एक मन्त्रीले मध्यान्हलाई बताए । तर आदेशको पूर्ण व्यहोरा औपचारिकरूपमा सार्वजनिक भएको छैन ।

नेपाल राजपत्रमा सूचना सार्वजनिक गरेर मन्त्रिपरिषदले गरेको निर्णय अनुसार आर्थिक वर्ष २०७८/०७९ मा सय जना कामदार वैदेशिक रोजगारमा पठाउन नपाएका म्यानपावर कम्पनीको इजाजत आर्थिक वर्ष २०७९/०८० का लागि नवीकरण गरिनेछ । मन्त्रिपरिषद्ले गरेको निर्णयको व्यवस्था भने सार्वजनिक भएको छैन ।

गत वर्ष लगातार दुई वर्षसम्म वार्षिक एक सय जना कामदार पठाउन नसकेका इजाजतपत्र प्राप्त संस्थाको इजाजतपत्र आर्थिक वर्ष २०७७/०७८ को लागि नवीकरण गराउँदा नवीकरण गरिदिई नवीकरण भएका इजाजतपत्र प्राप्त संस्थाको आर्थिक वर्ष २०७८/०७९ अर्थात यही असार मसान्तसम्मका लागि नवीकरण गर्दा त्यस्ता संस्थाले आर्थिक वर्ष २०७६/०७७ देखि सम्वत् २०७८ सालको असार मसान्तसम्म कम्तिमा दुई सय जना कामदार पठाएको हुनुपर्ने शर्त राखी बाधा अड्काउ फुकाउने निर्णय गरेको थियो ।

वैदेशिक रोजगार विभागले अघिल्लो हप्तादेखि सबै म्यानपावर कम्पनी नवीकरण गर्नका लागि दश हजार शुल्क बुझाएर आवश्यक कागजात पेश गरी इजाजत नवीकरणको निवेदन दिन आग्रह गरेको छ ।

### व्यवसायीद्वारा आभार

मन्त्रिपरिषद्ले म्यानपावर कम्पनी – बाँकी पृष्ठ २ मा

**वैदेशिक रोजगार विशेष**

## चालू आर्थिक वर्षमा ६ लाख १४ हजार बढीले लिए श्रम स्वीकृति

**काठमाडौं/मस–** वैदेशिक रोजगार विभागले चालू आर्थिक वर्षमा ६ लाख १४ हजार ६ सय ८० जनाले श्रम स्वीकृति लिएको बताएको छ । शुक्रबार पत्रकार सम्मेलन गर्दै विभागका महानिर्देशक शेषनारायण पौडेलले उक्त जानकारी दिएका हुन् ।

महानिर्देशक पौडेलले चालू आर्थिक वर्षको श्रम स्वीकृति संख्या वैदेशिक रोजगारीको इतिहासमै सबैभन्दा बढी भएको दाबी समेत गरे । नेपालले २०५० सालदेखि श्रम स्वीकृति लिएर वैदेशिक रोजगारीमा जाने – बाँकी पृष्ठ २ मा

**नागरिकता विधेयक**

# संशोधन हाल्न ७२ घण्टा

प्रतिनिधि सभामा प्रस्तुत नागरिकता विधेयकमाथि संशोधन प्रस्ताव राख्ने समय शुरु भएको छ । सचिवालयका अधिकारीहरुका अनुसार साउन २ गते दिउँसो २ बजेसम्म सांसदहरुले संशोधन हाल्न सक्छन् ।

**शिवराज परियार/मध्यान्ह**
काठमाडौं, ३१ असार ।

प्रतिनिधिसभामा नेपाल नागरिकता विधेयक २०७९ माथिको सैद्धान्तिक छलफल सकिएको छ । शुक्रबार बसेको सभाको बैठकले नेपाल नागरिकता (पहिलो संशोधन) विधेयक २०७९ लाई विचार गरियोस् भन्ने प्रस्ताव बहुमतले स्वीकृत गरेको छ ।

शुक्रबार बसेको प्रतिनिधिसभाको बैठकमा सरकारले हालै प्रतिनिधि सभामा प्रस्तुत गरेको विधेयकमाथिको छलफल सकिएपछि सभामुख अग्नि प्रसाद सापकोटाले विधेयकमाथि बिचार गरियोस् भन्ने प्रस्ताव निर्णयार्थ प्रस्तुत गर्दा बहुमत सांसदले स्वीकृत गरेका हुन् ।

यो संगै प्रस्तुत नागरिकता विधेयकमाथि संशोधन प्रस्ताव राख्ने समय सुरु भएको छ । सचिवालयका अधिकारीहरुका अनुसार साउन २ गते दिउँसो २ बजेसम्म सांसदहरुले संशोधन हाल्न सक्छन् ।

प्राप्त संशोधनलाई ख्याल गरेर सभाले विधेयकमाथि दफावार छलफलका लागि संसदीय समितिमा पठाउने वा सभामै छलफल गर्ने प्रस्तावबारे निर्णय लिन्छ । समितिमा दफावार छलफल बिना विधेयकलाई सिधै पारित गर्न दलहरु तयार भए सभामै छलफल हुनेछ ।

सांसदहरुले उठाएका प्रश्नहरुको जवाफ दिँदै गृहमन्त्री बालकृष्ण खाणले संविधानको प्रावधानबमोजिम नागरिकताविहीन नागरिकलाई नागरिकता सुनिश्चित गर्ने उद्देश्यले विधेयक ल्याइएको बताए ।

'संविधानको मूल प्रावधानअनुरूप नै बाबुआमा – बाँकी पृष्ठ २ मा



नागरिकता विधेयक कार्यन्वयनमा गएपछि भएका समस्यालाई फेरि पनि समाधान गर्न सकिन्छ । एकपटक विधेयक आएपछि त्यसलाई पछि पनि थप परिस्कृत गर्दै जान सकिनेछ ।

**बालकृष्ण खाँण**
गृहमन्त्री

# कपिलवस्तु चन्द्रौटा–कृष्णनगर सडक: ८० प्रतिशत काम सम्पन्न

**माधव बेल्वासे/मध्यान्ह**
चन्द्रौटा, ३१ असार



कपिलवस्तुको चन्द्रौटा-कृष्णनगर चार लेन सडक निर्माणको ८० प्रतिशत काम पुरा भएको छ ।

निर्माण कम्पनीले तोकिएको समयमा काम सम्पन्न गर्न नसक्दा म्याद थप गरी काम गर्दै आएको छ । २०७५ साल माघबाट शुरु भएको सडक निर्माणको काम तोकिएको समयमा काम सम्पन्न नहुँदा स्थानीयहरूले सास्ती खेप्नु परेको छ । पहिलो पटक २०७८ जेठमा, दोस्रो पटक २०७८ मंसिरमा र तेस्रो पटक २०७९ असारमा म्याद थप गरिएको योजना परामर्श सेवाका ईन्जिनियर रेसमलाल श्रेष्ठले बताए ।

कोरोनाले ६ महिना तथा नयाँ स्टिमेट डिजाइन गर्दा ६ महिना गरी १ वर्ष म्याद थप गरिएको थियो । पछिल्लो समय पुनः पाँच महिना म्याद थप गरिएको छ ।

थप भएको म्याद अवधिसम्म पुरा हुने गरी काम गर्न आग्रह गरिएको उनले बताए । 'अहिले सम्मको अवस्था हेर्दा ८० प्रतिशत काम सकिएको छ, अब केही काम मात्र बाकी छ' उनले भने, 'सडकलाई सुरक्षित र व्यवस्थित बनाउने काम भइरहेको छ' ।

विभिन्न कारणले तोकिएको समयमा काम गर्न नसकेको निर्माणको जिम्मा पाएको कालिका जेभि कम्पनीका नविन गुरुङले बताए । काम शुरुवात गर्दा देखि नै लकडाउन भएकोले र पछिल्लो समय वर्षातका कारणले काम पुरा नभएको उनको दाबी छ ।

'अब एक किलोमिटर सडक कालोपत्रे तथा नालीलाई व्यवस्थित गराउन बाँकी छ, मौसमले साथ दिए दसैंसम्म काम सम्पन्न हुने छ,' गुरुङले भने । करिब एक घण्टा लाग्ने सडक चार लेन बनेपछि चन्द्रौटादेखि कृष्णनगर यात्रा गर्दा आधा घण्टामा पुग्न सकिन्छ । चन्द्रौटादेखि कृष्णनगर २० किलो मिटर र कृष्णनगर बजारको ८ किलोमिटर सडक कालोपत्रे पनि यसै योजनामा समावेश गरिएको छ।

बजार क्षेत्रमा नाली निर्माण सम्पन्न भएको छ भने नालीको ढक्कन लगाउन बाँकी छ । कृष्णनगर क्षेत्रमा अझै एक किलो मिटर सडक कालोपत्रे गर्न पनि बाँकी छ । सडकको बिचमा डिभाइडर निर्माण गरिएको छ । निर्माणाधीन सडक क्षेत्रमा दुई वटा ठूला पुल बनाउँनुपर्ने भएपनि यो योजनामा समावेश छैन । सडक सुधार विकास आयोजना अन्तरगत ८६ करोड लागतमा बाटो निर्माण भइरहेको छ । सडक सुधार विकास आयोजना र एक्जिम बैंक भारतबीच सडक बनाउने सम्झौता अनुसार सडक निर्माण थालिएको हो । ठेक्का कालिका दिनेशचन्द्र जेभीले लिएको छ । कालिका नेपाली र दिनेशचन्द्र जेभी भारतीय कम्पनी हुन् ।

# कृष्णनगर नगरपालिकाको ७६ करोडको बजेट सार्वजनिक

**अजय मिश्र/मध्यान्ह**
कृष्णनगर, ३१ असार

कपिलवस्तु जिल्लाको कृष्णनगर नगरपालिकाले आगामी आर्थिक वर्ष २०७९/८० का लागि ७६ करोड बराबरको बजेट नीति तथा कार्यक्रममार्फत सार्वजनिक गरेको छ ।

बिहीबार कृष्णनगर नगरपालिकाको आठौं नगरसभामा नीति तथा कार्यक्रम प्रस्तुत गर्दै बजेट सार्वजनिक गरिएको हो ।

आ.व. ०७९/०८० संघ र प्रदेश सरकारबाट प्राप्त वित्तीय समानीकरण शसर्त अनुदान, राजस्व बाँडफाँड, समपुरक अनुदान, विशेष अनुदान, मौजदात रकम कुल बजेट ७६ करोड ३२ लाख ४५ हजार बजेट विनियोजन गरिएको प्रमुख प्रशासकिय अधिकृत राम चन्द्र ढकालले बताए ।

यस वर्षमा नगरपालिकाले कृषि, शिक्षा, स्वास्थ तथा आवश्यक पुर्वाधार र केही बहुवर्षीय योजनाहरुमा बजेट बाँडफाँड गरिने नगर प्रमुख रजत प्रताप शाहले बताए । उनले अबको योजना कार्यक्रममा विकास तर्फ विशेष बजेट विनियोजन गर्ने बताए । कार्यक्रममा नगरपालिकाभित्रका तीन जना उत्कृष्ट शिक्षक तथा पत्रकार तर्फबाट अंकुश कुमार श्रीवास्तव नगद रकमसहित सम्मान पत्रबाट सम्मानित भए ।

# गिजागाड खोलामा पक्की पुलको उद्घाटन

**सत्य बटला/मध्यान्ह**
रुकुम पश्चिम, ३१ असार

रुकुम पश्चिम आठविसकोट नगरपालिका वडा नम्बर ११ सिमबजार र वडा नम्बर ९ राडी बजार जोड्ने पक्की पुल उद्घाटन गरिएको छ ।

शुक्रबार नगरप्रमुख रवी केसी, नेकपा माओवादी केन्द्रका प्रदेश कमिटी सदस्य तथा आठविसकोट नगरपालिकाका नगर प्रमुख सन्देश केसी, उपप्रमुख धनकुमारीले संयुक्तरुपमा पक्की पुलको उद्घाटन गरेका हुन् ।

उक्त पक्की पुल यति विल्डर्स प्रा.लि.ले ठेक्का लिएको थियो । जम्मा ५ करोड ३८ लाख ५३ हजार ८ सय रुपैयाँ बजेटमा एक वर्ष पहिला यति बिल्डर्स प्रा.लि.लाई ठेक्का परेको थियो ।

४० मिटर लम्बाई, ११ मिटर चौडाइ रहेको प्रीस्टेड आरसीसी पुल १ वर्षमा निर्माण गरिएको हो ।

अबदेखि आठबिसकोट नगरपालिकादेखि खलंगा, सुर्खेत, नेपालगन्ज र काठमाडौंसम्म सवारी आवज जावतमा सहज हुने छ ।

उद्घाटन कार्यक्रममा सम्बोधन गर्दै नगरप्रमुख केसीले समयमै पक्की पुल निर्माण गरेकोमा यति बिल्डर्स प्रा.लि.लाई विशेष धन्यवाद दिए । यति बिल्डर्स प्रा.लिले दर्जनौ भौतिक पुर्वधार निर्माण गर्दै आएको छ ।

## लगातार ....

विद्या भट्टराईले ९३ मत प्राप्त गरिन् ।

तत्कालिन सभामुख कृष्णबहादुर महरा नेकपाबाटै थिए । संसद सचिवालयकै कर्मचारीलाई योन दुर्व्यवहार गरेको आरोप लागेपछि उनले पदबाट राजीनामा दिए । उनको राजीनामा पछि पनि सभामुख पद तत्कालिन नेकपाले नै राख्न चाह्यो । सभामुख लिन उपसभामुख तुम्बाहाम्फेलाई राजीनामा गर्न लगायो । सभामुख र उपसभामुख फरक दलको र फरक लिंगको हुनुपर्ने संवैधानिक व्यवस्था छ । यही कारण तत्कालीन उपसभामुख तुम्बाहाम्फेले १२ माघ २०७६ माघमा राजिनामा दिएपछि रिक्त भएको उपसभामुख पदका लागि शुक्रबार निर्वाचन भएको हो ।

विगतमा वामपन्थी एक हुँदा पराजित भुसालले यसपटक वामपन्थीहरुकै साथ प्राप्त गरिन् । भुसालल नेपाली कांग्रेस, नेकपा माओवादी केन्द्र, नेकपा एकीकृत समाजवादी, जनता समाजवादी पार्टी, लोकतान्त्रिक समाजवादी पार्टी, राष्ट्रिय जनमोर्चाका तर्फबाट निर्वाचित सांसदको समेत मत पाएर उपसभामुखमा निर्वाचित भएकी हुन् ।

भुसाल उपसभामुखमा पराजित हुँदा नेकपा एमाले र माओवादी केन्द्र एकबीच पार्टी एकता भइसकेको थिएन । तर, दुबै दल बाम मोर्चामा थिए । पछि पार्टी एकता नै गरेर नेपाल कम्युनिस्ट पार्टी (नेकपा) बनाए । कम्युनिस्टहरु एक हुँदै गर्दा उपसभामुखमा पराजित भुसालले कम्युनिस्टहरु विभाजित हुँदा जित हात पारेकी हुन् । तत्कालिन नेकपा एकता भंग भएपछि बनेको ब्युतिएको नेकपा माओवादी केन्द्र र एमालेबाट फुटेर बनेको नेकपा एकीकृत समाजवादीले उपसभामुखमा भुसाललाई समर्थन गर्‍यो । २०७४ मा जस्तै यसपटक पनि एमाले आफ्नै उम्मेदवार उठायो । तर, एमालेका उम्मेदवार सांसद विद्या भट्टराई पराजित भइन । १४८ मत ल्याएर भुसाल विजयी हुँदा भट्टराईले ९३ मत प्राप्त गरिन् ।

उपसभामुखमा निर्वाचित भएपछि भुसालले तटस्थता उदाहरण देखाउने प्रतिवद्धता व्यक्त गरेकी छन् । उनले प्रतिवद्धता जनाइन्, 'सदनमा तटस्थताको भूमिका निर्वाह गर्ने जिम्मेवारी पाएकी छु । यो जिम्मेवारी उदाहरणीय हुने गरी इमानदारीपुर्वक निर्वाह गर्नेछु ।'

'आफ्नो विजय आफ्नु मात्रैको नभएर संविधानको पक्षधर र लोकतन्त्रवादीहरुका लागि खुसीको दिन हो' उनले भनेकी छन् ।

निर्वाचित भइसकेपछि आफ्नो काँधमा थप जिम्मेवारी थपिएको, दायित्वहरु थपिएको उल्लेख गर्दै उनले भनिन्, 'संविधानको कार्यान्वयन लागि, समावेशी लोकतन्त्रका लागि, संघीय लोकतान्त्रिक गणतन्त्रको मर्म अनुसार मुलुकको राष्ट्रिय राजनीतिमा देखा परेका आयामहरुलाई व्यवस्थापन गर्नको लागि भूमिका निर्वाह गर्नेछु ।' साथसाथै, जनजिविकाको सवालहरुमा सदनमा महत्वका साथ विषयवस्तु उठाउनको लागि, मुलुकको आर्थिक समृद्धिको लागि समेत भूमिका निर्वाह गर्न उनको प्रतिवद्धता छ ।

## प्रचण्डको...

दाहालले नेपाल-भारत बीचमा देखिएका सीमा विवादका विषयमा छलफल हुने बताएका छन् । यद्यपि, लामो समयदेखि रहेको सीमा विवाद पटकपटकको वार्तामा पनि सफल हुन सकेको छैन ।

तर, परराष्ट्र मामिला जानकार डा. दिनेश भट्टराई भने, उक्त भेटलाई अनेक कोणबाट बुझ्न जरुरी नरहेको बताउँछन् । 'यो नियिमित खालको भेट हो, यसमा समसामयिक र नेपालका विषयमा धेरै छलफल त होलान्, तर, एउटा देशसँग भएको कुरा अर्को देशसँग गर्ने भने सम्भावना देखिदैंन', उनले भने ।

## सरकारले...

नवीकरण गर्न वार्षिक एक सय जना कामदार अनिवार्य पठाउनु पर्ने वैदेशिक रोजगार ऐनमा रहेको प्रावधानले दिएको जटिलताको निकास दिएको सार्वजनिक भएपछि वैदेशिक रोजगार व्यवसायीहरू खुशी देखिएका छन् । नेपाल वैदेशिक रोजगार व्यवसायी संघका संयोजक बिमल ढकाल मलेसिया लागेकाले सम्पर्क हुन सकेन ।

संघ कार्यसमिति सदस्य प्रज्ञान न्यौपानेले संघसहित व्यवसायीको माग सम्बोधन गरेको भन्दै समस्याको समाधानका लागि प्रधानमन्त्री शेरबहादुर देउवा, गृहमन्त्री बालकृष्ण खाँण, श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्री शेरबहादुर कुँवर, श्रम मन्त्रालय, नेपाली कांग्रेस पार्टीका महामन्त्रीहरू, नेपाल वैदेशिक रोजगार व्यवसायी संघका संयोजक ढकाललगायतले गरेको पहलका लागि आभार प्रकट गरे । उनले ऐनबाट संख्या सयको प्रावधान खारेजीको लागि संघले आगामी दिनमा पहल गर्ने बताए ।

यसैबीच नेपाल लोकतान्त्रिक वैदेशिक रोजगार व्यवसायी एशोसिएसनले एक विज्ञप्ति जारी गर्दै वैदेशिक रोजगार व्यवसायीले वार्षिक सय जना कामदार नपठाएकै कारण इजाजत पत्र नवीकरण नभई पेशाबाट नै पलायन हुने अवस्थालाई मन्त्रिपरिषदको निर्णयले अन्त्य गरेको भन्दै यो व्यवस्था वैदेशिक रोजगार ऐनबाट नै हटाउनुपर्ने माग गरेको छ ।

एशोसिएसनका अध्यक्ष कुमुद खनालले अनिवार्यरूपमा सय जना कामदार पठाउनुपर्ने बाध्यताले नेपालमाथि बाध्यकारी श्रम (फोर्स लेवर)को आक्षेप लाग्न सक्ने बताए ।

प्रगतिशील वैदेशिक रोजगार मञ्च नेपालका अध्यक्ष राजेन्द्र भण्डारीले संख्या सयको अनिवार्य व्यवस्था व्यावसायिक स्वतन्त्रता विरोधी रहेको भन्दै मञ्चले विगतदेखि नै उक्त व्यवस्था खारेजीको माग गरिरहेको अवस्थामा मन्त्रिपरिषदबाट सोही अनुसार निर्णय आउनु स्वागतयोग्य कदम भएको बताए ।

ऐनको उक्त प्रवाधन हटाउनुपर्ने विषयमा प्रमुख प्रतिपक्ष दल नेकपा एमाले नेताहरू, संसदीय समिति, श्रम मन्त्री, श्रम सचिव तथा विभागीय प्रमुखहरू समक्ष पटकपटक ध्यानाकर्षण गराउँदा त्यसले राष्ट्रियस्तरमा नै दबाब बढाएको भण्डारीले बताए । उनले पनि ऐन संशोधनका लागि पहल जारी राख्ने बताए ।

नेपाल बैदेशिक रोजगार व्यवसायी गणतान्त्रिक मञ्चले पनि सरकारको निर्णयको स्वागत गरेको छ । मञ्चका अध्यक्ष धनलाल जैसीले सबै व्यवसायीले समानरुपमा व्यवसाय गर्न पाउनु पर्ने भन्दै सरकार व्यवसायको अवरोधक नभई सहजकर्ता हुनु पर्ने बताए ।

## चालू ...

कामदारको तथ्यांक राख्न शुरु गरेको थियो । सरकारले श्रम स्वीकृति लिएर विदेश जान अनुमति दिएको तथ्यांक राख्न थालेको २९ वर्ष भएको भन्दै महानिर्देशक पौडेलले भने, 'चालू आर्थिक वर्षमा सबैभन्दा बढी श्रमिकले वैदेशिक रोजगारमा जान श्रम अनुमति लिएको देखिन्छ ।

चालू आर्थिक वर्षमा श्रम स्वीकृति लिएर विदेश जाने श्रमिकको संख्या ३.६८ गुणाले वृद्धि भएर ६ लाख १४ हजार ६८० पुगेको भन्दै महानिर्देशक पौडेलले उक्त तथ्यांकमा काठमाडौं बाहिरका ६ वटा श्रम कार्यलयबाट प्रदान गरिएको पुनः श्रम स्वीकृतिको संख्या समावेश नगरिएको बताए ।

कोरोना भाइरसविरूद्धको खोप पर्याप्त भएपछि वैदेशिक रोजगारीमा जाने बढेका हुन् । महानिर्देशक पौडेलले वैदेशिक रोजगारी आन्तरिक रोजगारीको विकल्पको रुपमा रहेको बताए । उनले प्रविधिको माध्यमबाट वैदेशिक रोजगार प्रशासनलाई अभूतपूर्वरूपमा सुधार गरेको, कामदारका उजुरीको व्यापक मात्रामा सुनुवाइ गरिएको बताए ।

## संशोधन...

नेपाली नागरिक भए पनि सन्तानलाई नागरिकता दिन सकिएन, त्यो संख्या लाखौँमा छ, जसले उनीहरूको शिक्षादीक्षा र व्यवसायमा असर परिरहेको छ, त्यसैले विधेयकलाई चाँडो पारित गरेर कानुन बनाएर कार्यान्वयनमा लैजाने वातावरण बनाउन सहयोग गर्न आग्रह गर्दछु,' मन्त्री खाणले भने ।

नागरिकता विधेयक कार्यान्वयनमा समस्या देखिए परिमार्जन हुने पनि उनले बताएका छन् । 'कार्यन्वयनमा गएपछि भएका समस्यालाई फेरि पनि कार्यान्वयन हुँदै जाने छ,' उनले भने, 'एकपटक विधेयक आएपछि त्यसलाई पनि थप परिस्कृत गर्दै जान सकिने छ ।'

कुनै पनि नागरिक नेपाली नागरिकता पाउनबाट बन्चित नहुन् भन्ने कुरामा सचेत रहेको र यही नै संविधानको मूल अवधारणा भएको उनले बताए । गृहमन्त्री खाँणले सबै नागरिकले नागरिकता पाउन भन्नेमा सरकार प्रतिवद्ध रहेको समेत बताए। 'नेपाली नागरिक नागरिकताबाट बन्चित नहोस्,' उनले भने, 'नेपाली नागरिकले नागरिकता प्राप्त गर्नै पर्दछ, यो संविधानको मूल अवधरणा पनि हो । त्यसै अवधारणमा आधारित भएर यो विधेयक आएको छ।'

नारिकता सम्बन्धी विधेयक यो सरकारले नल्याएको भन्दै उनले यसमा कसैले जस लिने र कसैलाई दोषारोपन गर्न आवश्यक नरहेको बताए। 'हामी दोषारोपण र अपजसबाट पनि माथि उठौं । सबै नेपालीले नागरिकता प्राप्त गरुन् भन्ने हामी सबैको संकल्प हो,' खाँणले भने ।

---


**नेपाल सरकार**
**उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय**
**कम्पनी रजिष्ट्रारको कार्यालयको**
**कम्पनीको दर्ता खारेज गरिएको सूचना**
**प्रकाशित मितिः २०७९/०३/३२**

यस कार्यालयमा मिति २०७४/०४/२५ मा दर्ता भएको **प्रा.लि.नं. १७२७४४** को **कैलाश भिजिट प्रा.लि.** नामक कम्पनी यस कार्यालयको मिति २०७९/०३/३१ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १२६ (१) बमोजिम दर्ता खारेजी गरिएको सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**नेपाल सरकार**
**उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय**
**कम्पनी रजिष्ट्रारको कार्यालयको**
**कम्पनीको दर्ता खारेज गरिएको सूचना**
**प्रकाशित मितिः २०७९/०३/३२**

यस कार्यालयमा मिति २०७६/१०/२७ मा दर्ता भएको **प्रा.लि.नं. २३४२०५** को **ट्रिप टु पिक ट्रेकिंग प्रा.लि.** नामक कम्पनी यस कार्यालयको मिति २०७९/०३/३१ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १२६ (१) बमोजिम दर्ता खारेजी गरिएको सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**कम्पनीको नाम परिवर्तन गरिएको सूचना**
तेस्रो पटक प्रकाशित मिति २०७९/०३/३२

यस कम्पनीको मिति २०७९/०३/२२ मा सम्पन्न विशेष साधारण सभाको बमोजिम साबिक कम्पनी **मेरो जब डट कम प्रा.लि. (प्रा.लि. नं. ६८३१५)** को नाममा रहेको सम्पूर्ण चल अचल सम्पती तथा तिर्न पर्ने कर दायित्व आदी परिवर्तित कम्पनीले तिर्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रारको कार्यालयको मिति २०७९/०३/२८ को निर्णयानुसार कम्पनीको नाम परिवर्तन गरी **मेरो जब प्रा.लि.** कायम गरिएको व्यहोरा यसै सूचनाद्वारा जानकारी गराईन्छ ।

**UAE मा रोजगार** | कम्पनीः **CITIZEN BUILDING CLEANING SERVICES LLC**
शहर : UAE
पूर्व स्वीकृत मितिः २०७८/११/११ चलानी नं.: ६०१७४९२६ L.T. No.: 258397 पुन विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cleaner | 30 | 5 | स. काममा दक्ष | 900 | २९,२८५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौमा साउन ७ गते (7 July 2022) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैंले | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोर्ने | कामदार आफैंले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- [illegible]

**Golden Achivers International Pvt. Ltd.**
Basundhara Chauki Kathmandu, Tel: 01-5914478
Mob.: 9808752412, 9818591086, 9803552057, 9818261234
9741714518, 9818455280, 9803846905, 9803115527, 9823433034
E-mail : info@goldenach.com, Web.: www.goldenach.com
श्रम इजाजत पत्र नं.: [illegible]

**KUWAIT र UAE मा रोजगार** | १. कम्पनी : **ELEMENT SPA HEALTH INSTITUTE CO**
शहर: KUWAIT
पूर्व स्वीकृत मितिः २०७९/०३/३१ चलानी नं.:६०१८३३५० LT. No.: 267438

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | MASSAGE THERAPIST | 10 | 0 | स. काममा दक्ष | 150 | ६२,०५६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

२. कम्पनी : **SOUNDLINES SKILLED MANPOWER** शहर: DUBAI
पूर्व स्वीकृत मितिः २०७९/०३/३१ चलानी नं.:६०१८३३४९ LT. No.: 267364

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Motorcyclist | 50 | 0 | स. काममा दक्ष | 2500 | ८६,८०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ साउन ७ गते (23 July 2022) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नः हरु साथमा राख्नु होला । आफु कठिनाइमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

**World At Work Consultant Pvt.ltd.**
Jayabageshwori-8, Kathmandu | Tel: 01-44596660 9841397451/9841207211/9851210146
Email: Gopalkoirala.waw@gmail.com, Www.waw@gmail.com
श्रम ईजाजत पत्र नं. १४९९/०७४/०७५

**मलेसियामा रोजगार** | १. कम्पनीः **MR STITCH SDN. BHD**
शहर: Malaysia
पूर्व स्वीकृत मितिः २०७९/०३/३१ चलानी नं.: ६०१८३३५५ LT. No.: 267462

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Manufacturing | 13 | 0 | स. काममा दक्ष | 1500 | ४२,३५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

२. कम्पनीः **MOK HIN FURNITURE SDN. BHD.** शहर: JOHOR
पूर्व स्वीकृत मितिः २०७९/०३/३१ चलानी नं.: ६०१८३३५६ LT. No.: 267403

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Factory Workers | 50 | 0 | स. काममा दक्ष | 1500 | ४२,३५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ साउन ७ गते (23 July 2022) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नः हरु साथमा राख्नु होला । आफु कठिनाइमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

**श्रृष्टि ओभरसिज इम्प्लोईमेन्ट सर्भिसेज प्रा. लि.**
नयाँ बानेश्वर, काठमाडौं, नेपाल फोनः ०१-४७८३३४७, फ्याक्सः ०१-४७८३३४८
श्रम इजाजत नं. ३५८/०५९/०६०

**अन्तर्वार्ता स्थान परिवर्तन गरिएको सूचना**
मिति २०७९/०३/१७ गते मध्यान्ह राष्ट्रिय दैनिकमा प्रकाशित कतारमा वैदेशिक रोजगार शिर्षक, कम्पनीको नामः **ETERNA TRADING AND CONTRACTING**, पूर्व स्वीकृत मितिः **२०७९/०३/१३**, चलानी नं.: **६०१८२०५४** र **L.T. No.: 266073** को विज्ञापनमा अन्तर्वार्ता स्थान **शिवम् ट्रेनिङ सेन्टर, दुर्गाचोक, जनकपुर** हुनपर्नेमा अन्यथा भएकोले भुलसुधार गरिएको छ ।

**Wahaa Manpowers Supplier Pvt. Ltd.**
Kalopool 7, Kathmandu, Nepal.,
Tel: +977-014581670, 4583566
Govt Lic No. 469/060/061

**मलेसियामा रोजगार** | १. कम्पनीः **MENTAKAB AGRICULTURAL MACHINERY**
शहरः MALAYSIA
पूर्व स्वीकृत मितिः २०७९/०३/३१ चलानी नं.: ६०१८३३५२ LT. No.: 267392

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | FACTORY WORKERS | 8 | 0 | स. काममा दक्ष | 1500 | ४३,०३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

२. कम्पनीः **MENTAKAB AGRICULTURAL MACHINERY** शहरः MALAYSIA
पूर्व स्वीकृत मितिः २०७९/०३/३१ चलानी नं.: ६०१८३३५३ LT. No.: 267393

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Factory Worker (Manufacturing Sec.) | 15 | 0 | स. काममा दक्ष | 1500 | ४३,०३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ साउन ७ गते (23 July 2022) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- रोजगार दाताले | रु. १,५००/- रोजगार दाताले | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नंः हरू साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । २. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ३. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ४. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ५. काममा विदेश जाँदा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ६. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

**टोपाज इण्टरनेशनल प्रा. लि.**
मैतिदेवी, काठमाडौं, नेपाल, फोनः ०१-४५१२६५०
श्रम इजाजत नं. ५४७/०६२/०६३

**नेपाल सरकार**
**उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय**
**कम्पनी रजिष्ट्रारको कार्यालयको हक दावी गर्न आउने बारेको सूचना**

यस कार्यालयमा मिति २०७५/११/२९ मा दर्ता भएको प्रा.लि.नं. २१०६७६ को नव मिदास रियलस्टेट प्रा. लि. नामक कम्पनीले दर्ता खारेज गरिपाउँ भनि यस कार्यालयमा निवेदन पेश गरेको हुँदा उक्त कम्पनीले कसै संग ऋण लिएको वा सो कम्पनीले कुनै तिर्नु बुझाउनु पर्ने दायित्व भए प्रमाण सहित हक दावीको लागि ३५ दिन भित्र यस कार्यालयमा दावी गर्न आउनु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । तोकिएको म्याद भित्र हक दावी गर्न नआएमा उक्त कम्पनीको दर्ता नियमानुसार खारेज गरिनेछ ।

**Government of Bagmati Province**
**Ministry of Water Supply, Energy and Irrigation**
**Water Resource and Irrigation Development Division Office**
**Dhulikhel, Kavre**

**Notice of Addendum**

**(Publication Date: 2079/03/32)**

It is to notify all the concerned bidder, this addendum is published for the notice published on the 2079/03/31 for the Construction of Concrete Dam of Hile-Jaljale Tourism Lake, Banepa- 2, Kavre(NCB/HJTPC/01/2078/79) on Madhyahna National Daily, that the notice is corrected accordingly.

| S. N. | Contract No. | Description | Bid Validity Period (days) | Bid Security Amount (NRs.) | Cost of Bidding Document (NRs.) |
|---|---|---|---|---|---|
| 1. | NCB/HJTPC/ 01/2078/79 | Construction of Concrete Dam of Hile-Jaljale Tourism Lake, Banepa- 2, Kavre. | 90 days | NRs. 21,00,000.00 | NRs. 5000.00 |

Last Date of Bid Submission:- 2079/04/30, 12:00 Pm
Bid Opening Date:- 2079/04/30, 2:00 Pm
For further more information refer the bids published at www.bolpatra.gov.np/ egp or contact WRIDD, Dhulikhel

**Division Chief**
**WRIDD, Kavre**

प्रवास डायरी

तिलु शर्मा पौडेल/मध्यान्ह

# नेपाली जनसम्पर्क समिति कतारद्वारा राजदूत ढकालसाग शिष्टाचार भेट



कतारका लागि नवनियुक्त नेपाली राजदूत डा. नरेश विक्रम ढकालले कार्यभार सम्हालेसँगै विभिन्न सङ्घसंस्था तथा कूटनीतिक भेटघाटलाई तीव्रता दिएका छन्। भेटघाटका क्रममा दूतावासमै नेपाली जनसम्पर्क समिति कतारले महामहिमसँग भेटघाट, स्वागत एवं परिचयात्मक कार्यक्रम सम्पन्न गरेको छ।

समितिका सभापति मोहम्मद अजिज अलिको अध्यक्षतामा सम्पन्न कार्यक्रममा राजदूत प्रमुख अतिथि र नियोगका अन्य विशिष्ट व्यक्तित्वहरू, समितिका संस्थापक, सल्लाहकारलगायत कार्यसमितिका पदाधिकारी र सदस्यहरूको उपस्थिति रहेको थियो।

भेटघाटमा कतारमा नेपाली संघसंस्थाहरुको भूमिका र श्रमिकहरूको अवस्थाबारे जानकारी गराइएको थियो। नेपालका उत्पादनहरूलाई कतारका बजारसम्म ल्याउन र कतारबाट नेपालमा पर्यटक लैजान दूतावास मार्फत नेपाल सरकारलाई समन्वय गराउनेबारे उपस्थितहरूले आफ्ना विचारहरू राखेका थिए। सोही क्रममा राजदूतले जनसम्पर्क समिति लगायत दोहामा सय भन्दा बढी संस्थाहरूको सक्रियताबारे आफूले आउने वित्तिकै जानकारी पाएको बताए।

राजदूत ढकालले आफू दोहाको लागि नयाँ भए पनि यहाँ कार्यरत सम्पूर्ण नेपाली संघसंस्थाका अगुवाहरूसँग समान रूपले सहकार्य गरेर आफ्नो कार्यकाल उपलब्धीमूलक बनाउने प्रतिबद्धता व्यक्त गरे। कार्यक्रममा अध्यक्ष अलिले दूतावासको स्थापनाकालदेखि ५ जना राजदूतसँग जनसम्पर्क समितिले समान रूपमा व्यवहार गरेको र नवनियुक्त राजदूतसँग पनि त्यस्तै सहकार्य गर्ने बताए।

नियोग उपप्रमुख लक्ष्मण खनाल र द्वितीय सचिव प्रवीण भट्टराईले जनसम्पर्क समितिले दूतावासका हरेक क्रियाकलापमा सकारात्मक रचनात्मक भूमिका निभाएको भनी प्रशंसा गरेका थिए।

कार्यक्रममा समितिका गतिविधि समेटिएको पुस्तक जनसम्पर्क स्मारिकाको दुई वटा अंक समेत राजदूत ढकाललाई हस्तान्तरण गरिएको थियो। कार्यक्रमको सहजीकरण सहमहामन्त्री भोज बहादुर (भुवन) साउदले गरेका थिए।

# कतारमा मनाइयो भानु जयन्ती



कतारमा स्थापित साहित्यिक संस्थाहरू अन्तर्राष्ट्रिय नेपाली साहित्य समाज कतार च्याप्टर र नवोदित साहित्यिक वाचनालय कतारले भानु जयन्ती भव्य रूपमा मनाएका छन्। भानु जयन्तीसँगै आफ्नो १२६ औं रचना वाचन डबली शुक्रबार सम्पन्न भएको हो।

कार्यक्रमको औपचारिक उद्घाटनसँगै आचार्यको जीवनी साहित्यकार रूप रसाइलीले वाचन गरेका थिए। डबली अन्तर्गत खेमराज सुबेदी, सोम थापा, दिलीप पराजुली, देवेन्द्र खतिवडा, विनोद श्रेष्ठ, विवश वियोगी लिम्बु, गणेश क्षेत्री, रोशन खड्का, सुरेश परियार आभास, धर्म सन्देश, लीलानाथ घिमिरे, चक्र कार्की, तिलु शर्मा पौडेल, निरन नेपाल, योगेश पाठक योगी, पवित्रा खड्का, डिएनमगर, श्यामराज रानाभाट, लेखनाथ क्षितिज, शेखर बस्नेत, दीप मीलन, सिताराम थापा, प्रेम प्रशाद भट्टराइ, टीका खड्का, विन्दा लामा र लेख कार्कीले आफ्ना रचनाहरू वाचन गरेका थिए।

प्रत्येक महिनाको दोस्रो शुक्रबार, सञ्चालन हुँदै आएको रचना वाचन डबली यो महिना विशेष कारण बस् तेस्रो शुक्रबार आयोजना गरीएको हो। निर्धारित समयमा शुरु भएर निर्धारित समयमै अन्त्य हुने कार्यक्रमको विशेषता बोकेको डबलीमा भिन्दै संयोजक र भिन्दै विशिष्ट श्रोता रहने गर्दछन्। डबलीमा आदिकवि भानुभक्त आचार्यको जन्म उत्सवसँगै भानुभक्तलाई नै विशिष्ट श्रोता मानेर लेख कार्कीले कार्यक्रमको सञ्चालन गरेका थिए। कतार च्याप्टरका अध्यक्ष मणी पौडेलले आफ्नो रचना वाचनसँगै कार्यक्रमको समापन गरेका थिए।

दैलेख डायरी

यामराज बिष्ट/मध्यान्ह

# करार कर्मचारी र प्रहरीबीच झडप



दैलेखको गुराँस गाउँपालिकामा करारमा काम गर्दै आइरहेका कर्मचारी र प्रहरीबीच झडप भएको छ। पालिकाले करार कर्मचारी हटाउने निर्णय गरेपछि विवाद उत्पन्न भएको थियो। करार कर्मचारीहरुले निकालेको विरोध प्रदर्शन नियन्त्रण बाहिर गएपछि प्रहरीले हवाई फाएर गरेको छ।

जिल्ला प्रहरी कार्यालय दैलेखका प्रहरी नायब उपरीक्षक भुवनेश्वर शाहका अनुसार आन्दोलनमा ७ जना घाइते भएका छन्।

घाइते हुनेमा पाँच जना प्रहरी समेत रहेका छन् भने अन्य दुई जना आन्दोलनकारीहरु रहेका छन। पालिकाले दशैंसम्म कर्मचारी हटाउने भने पनि कांग्रेसका केही नेताहरुले विवाद उछाल्न खोजेका थिए। घाइतेमध्ये दुईजनाको अवस्था गम्भीर भएकाले उपचारका लागि प्रदेश अस्पताल सुर्खेत लगिएको छ।

# अस्थायी प्रहरी पोष्ट स्थापना

दैलेख नारायण नगरपालिका वडा नं-५ भैसीखोरमा अस्थायी प्रहरी पोष्ट स्थापना गरिएको छ। शुक्रबार अस्थायी प्रहरी पोष्टको एक कार्यक्रमकाबीच प्रमुख जिल्ला अधिकारी हरि प्याकुरेलले उद्घाटन गरेका हुन्।

कार्यक्रममा बोल्दै प्रमुख जिल्ला अधिकारी हरि प्याकुरेलले शान्ति सुरक्षा कायम राख्नका निम्ति प्रहरीलाई स्थानीयले सहयोग गर्नुपर्ने बताए। प्रहरीले गर्ने हरेक राम्रा कार्यमा स्थानीय नागरिकको सहयोग मिल्दै गएपछि प्रहरीको मनोबल उच्च रहने उनको भनाइ छ। हरेक सूचना नागरिकलाई जानकारी हुने भएकाले अपराधिक क्रियाकलापदेखि समाजका विकृति, विसंगती सबै नियन्त्रणका लागि प्रहरीलाई साथ दिन प्याकुरेरले आग्रह गरे।

यस्तै नारायण नगरपालिका वडा- ५ भैसीखोरमा अस्थायी प्रहरी पोष्ट स्थापना भएपछि नारायण नगरपालिका- ४ का वडा सदस्य बालसिङ थापा खुसी भएका छन्। चोरीका घटना मात्र होइन महिला हिंसा लगायतका अपराधिक क्रियाकलापमा नियन्त्रणमा प्रहरीको भूमिका सक्रिय हुने उनले विश्वास लिए।

गाउँमा प्रहरी चौकी नहुँदा लागूऔषध दुर्व्यसनीसँगै अपराधिक क्रियाकलाप बढेको स्थानीयको गुनासो थियो। बढ्दो अपराधिक क्रियाकलाप र स्थानीयको मागलाई मध्यनजर गर्दै अस्थायी प्रहरी पोष्ट स्थापना गरिएको जिल्ला प्रहरी कार्यालय दैलेखका प्रमुख डिएसपी भुवेश्वर प्रसाद साहले बताए। शान्ति सुरक्षा अपराध रोकथाम नियन्त्रण तथा अनुसन्धानमा समेत थप मद्दत पुग्ने प्रहरी प्रमुख साहको भनाइ छ।


## UAE मा रोजगारको अवसर | कम्पनी: KHIDMAH-SOLE PROPRIETORSHIP L.L.C. शहर: UAE

पूर्व स्वीकृत मितिः २०७८/१२/१३ चलानी नं.: ६०१७६६५३ LT. No.:260437 पून विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब AED | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cleaners | 193 | 103 | स. काममा दक्ष | 800 | २७,७७६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ साउन ६ गते (22 July 2022) मा हुनेछ।

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला। ६. कामका विदेश जाँदा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला।

SHR सपोर्ट ह्युमन रिसोर्सेज प्रा. लि.
Support Human Resources Pvt. Ltd. (Foreign Employment Services, Nepal)
श्रम इजाजत पत्र नं.: ६६१/०६३/०६४
सिनामंगल, काठमाडौं, नेपाल, फोन: ०१-४१११११२६, ०१४५६२६५१

## MALAYSIA मा रोजगार | कम्पनी : PAPERCON PACKAGING (M) SDN. BHD. शहर : SELANGOR

पूर्व स्वीकृत मितिः २०७९/०३/३१ चलानी नं.: ६०१८३२६९ LT. No.: 267434

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब RM | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Factory Worker (Manufacturing Sec) | 20 | 0 | स. काममा दक्ष | 1500 | ४३,०३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ साउन ७ गते (23 July 2022) मा हुनेछ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- रोजगारदाताले तिर्ने | रु. १,५००/- रोजगारदाताले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला। ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला।

NIRVANA H.R. PVT. LTD.
श्रम इजाजत पत्र नं.: १३५६/०७४/०७५
Sinamangal, Kathmandu, Tel.: 01-4116649, Fax.: 4116651
E-mail : info@nirvanahr.com.np, Web.: http://www.nirvanahr.com.np

## साउदीमा रोजगार | कम्पनी: MAIZ AL RAKAH RESTAURANT शहर: RIYADH

पूर्व स्वीकृत मितिः २०७८/०८/०५ चलानी नं.: ६०१६८१७६ LT. No.: 251328 पून विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब SR | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Restaurant Worker | 1 | 0 | स. काममा दक्ष | 1000 | ३३,९७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय ललितपुरमा २०७९ साउन ७ गते (23 July 2022) मा हुनेछ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला। ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला।

लक्की एच.आर. सोलुसन प्रा. लि.
श्रम इजाजत नं. ८७५/०६६/०६७
जावलाखेल, ललितपुर, फोन: ५५२०५६२, ५५५०६३४, ५५५५१४४, ५५५५१८०,
Email- info@merocvs.com / info@luckyhrsolution.com

## कतारमा रोजगारको अवसर | कम्पनी: NASSER AL JABER CONTRACTING W.L.L शहर: DOHA

पूर्व स्विकृति मितिः २०७९/०३/३१ चलानी नं. : ६०१८३३२७ LT. No. :267370

